मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १९० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ २६ गते सोमवार (Monday, June 8. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

अल्पद्रष्टा बुद्धिजीवीको स्वतन्त्रता र स्वनियमनको व्यथा: पृष्ठ २



## अनलाइन कारोवारलाई कानूनी दायरामा ल्याइँदै

**काठमाडौँ, जेठ २५।** विज्ञान तथा प्रविधिको क्षेत्रमा आएको गुणात्मक परिवर्तनले जनजीवनलाई सहजमात्रै बनाइदिएको छैन, यसैको आडमा ठगीधन्दासमेत मौलाएको छ ।

अनलाइन कारोवार गर्ने 'दराज'ले ठगी गरेको भन्दै वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा गत कात्तिकको अन्तिम साता उजुरी नै पऱ्यो । विभागका अनुसार १० वटा अनलाइन कारोवार गर्ने फर्ममाथि कारवाहीका लागि उजुरी परेको छ । ती फर्मको अनुसन्धान समेत भइरहेको जनाइएको छ ।

विभागका निर्देशक शिवराज सेढाईले अनलाइन कारोवारलाई कानूनी दायरामा ल्याएर प्रतिस्पर्धी, मर्यादित र उपभोक्तामैत्री बनाउने लक्ष्यका साथ इ-कमर्श कानून तर्जुमा गर्न लागिएको जानकारी दिए ।

कानूनी आधार नभएको अवस्थामा समेत अनलाइन कारोवार मौलाएको, फर्महरुको उजुरीसमेत परेको अवस्थालाई ध्यान दिँदै विभागले उपभोक्तामैत्री कानूनको मस्यौदा गर्न लागेको र त्यसमा समावेश गर्ने विषयका सम्बन्धमा सरोकार भएकाहरुसँग सुझाव लिने क्रम जारी रहेको उनले बताए ।

अनलाइन कारोवार मौलाउँदै गएको भए पनि त्यसलाई नियमन गर्ने कानूनी संरचना भने तयार हुन सकेको छैन । कानूनको अभावमा अनलाइन कारोवारमा गलत काम भए पनि त्यस्ता फर्मलाई कारवाही गरी उपभोक्ताले राहत पाएको अवस्था भने छैन ।

पछिल्लो समय बजारमा अनलाइन सपिङको मात्रा र चासोसमेत बढेको छ । सुन जस्तै देखिने गहनादेखि कपडा, घडी, चस्मा, घरायसी सामानसमेत अनलाइन र सामाजिक सञ्जालमार्फत माग गर्ने र घरमै पुऱ्याइदिने प्रचलन पनि उत्तिकै बढेको छ । पछिल्ला दिनमा विशेषगरी दराजले ठगी गरेको भन्दै विभागमा परेको उजुरीमाथि हालसम्म कारवाही नहुनेले पनि उपभोक्ताको अधिकार हनन भइरहेको गुनासो आएको छ ।

कानूनी संरचनाको अभावमा उपभोक्ता ठगिएको गुनासो बढ्दै गएपछि वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले इ-कमर्श सम्बन्धी कानूनको मस्यौदा गर्ने तयारी थालेको छ । सोही तयारीकै क्रममा विभागले सरोकार

(बाँकी अन्तिम पृष्ठमा)

# जनस्तरबाट स्थानीय तहलाई स्वास्थ्य सामग्री







**सुरेन्द्र भण्डारी**

**बिर्तामोड, जेठ २५।** झापामा दिनप्रतिदिन कोरोना संक्रमितको संख्या बेढेपछि जनस्तरबाट स्थानीय तहलाई स्वास्थ्य सामग्री प्रदान गर्न शुरु गरिएको छ ।

'एकका लागि एक' अभियान, मेची अभियान र अन्तराष्ट्रिय झापाली समाजले झापाका १५ वटा थानीय तहलाई कोरोना परीक्षणका लागि भिटिएम किट ( भाइरल ट्रान्सपोर्ट मिडिया), व्यक्तिगत सुरक्षा कवच (पीपीए), सेनिटाइजर र एन ९५ मास्क लगायतका स्वास्थ्य सामग्री उपलब्ध गराइएको हो ।

एकका लागि एक अभियानसँगको सहकार्यमा अन्तराष्ट्रिय झापाली समाजले झापाका १५ वटै स्थानीय तहलाई एक हजार पाँच सय भिटिएम किट उपलब्ध गारएको छ भने मेची अभियानले ६ वटा पालिकालाई भिटिएम किटसहित पीपीए, सेनिटाइजर र एन ९५ मास्क उपलब्ध गराएको छ ।

अन्तर्राष्ट्रिय झापाली समाजका उपाध्यक्ष नवीन पोखरेलले 'एकका लागि एक' अभियानसंग सहकार्य गर्दै सबै स्थानीय तहमा पुगेर १५ सय थान भाइरल ट्रान्सपोर्ट मिडिया उपलब्ध गराएका थिए । पहिलो चरणमा आफूहरुले आवश्यकताका आधारमा भिटिएम किट उपलब्ध गराएको बताउँदै स्थानीय तहका प्रमुख तथा उपप्रमुख संग छलफल पछि समाजले दोस्रो चरणको सहयोग गर्ने उपाध्यक्ष पोखरेलले बताए । 'अहिले हामी छलफलकै क्रममा छौं'- उपाध्यक्ष पोखरेलले भने- सबै पालिकाले कोरोना परीक्षणका लागि ल्याव स्थापनाको कुरा गरिरहनु भएको छ, एकका लागि एक अभियानसंग छलफल गर्दै ल्याव स्थापनाका लागि समाजले २५ लाख रुपैयाँसम्म सहयोग गर्ने सोच बनाएको छ ।

विपन्न परिवारलाई सहयोगका लागि सञ्चालन गरिएको 'एकका लागि एक' अभियानले एक करोड २५ लाख रुपैयाँको लागतमा कोरोना परीक्षण गर्ने ल्याव स्थापनार्थ पहल गरिरहेको अभियानका सह संयोजक विनोद वस्नेतले जानकारी दिए ।

यता मेची अभियानले कोरोना संक्रमण देखिएका तथा सीमावर्ती पालिकालाई स्वास्थ्य सामग्री उपलब्ध गराएको हो । अभियानका संयोजक विजय डालमियाका अनुसार ८ वटा पालिकाका प्रमुख तथा उपप्रमुखलाई ती सामग्री हस्तान्तरण गरिएको हो । अभियानका संयोजक डालमियाका पहिलो चरण अन्तर्गत बुद्धशान्ति गाउँपालिकालाई एक सय थान भिटिएम, पाँच थान पीपीए, एकसय पिस एन ९५ मास्क, एक कार्टुन सेनिटाइजर उपलब्ध गराइएको छ ।

भद्रपुर नगरपालिका , कचनकवल, बाह्रदशी, झापा र गौरीगञ्ज गाउँपालिका प्रत्येकलाई ५०-५० थान भिटिएम, पाँच-पाँच थान पीपीए, एकसय पिस एन ९५ मास्क, एक कार्टुन सेनिटाइजर उपलब्ध गराइएको छ ।

त्यस्तै मेचीनगर र गौरादह नगरपालिकालाई सोही बराबरको सामान उपलब्ध गराइएको अभियान संयोजक डालमियाले जानकारी दिए । दोस्रो चरणमा आवश्यकता हेरेर १५ वटै पालिकालाई आवश्यक सामग्री उपलब्ध गराइने अभियानका सदस्य तथा कांग्रेस मेचीनगर सभापति इन्द्रबहादुर बुढाथोकीले बताए ।

सामान हस्तान्तरण कार्यक्रममा बुद्धशान्तिका अध्यक्ष रमेश भुजेल,उपाध्यक्ष मिरा भुर्तेल, भद्रपुर नगरपालिका उपप्रमुख चन्द्रा श्रेष्ठ, कचनकवल अध्यक्ष अन्जार आलम , बाह्रदशी अध्यक्ष खड्गप्रसाद राजवंशी, झापा अध्यक्ष जयनारायण साह र गौरीगञ्ज अध्यक्ष बाबुराजा श्रेष्ठले अभियानले अत्यावश्यक स्वास्थ्य सामग्री हस्तान्तरण गरेर कोरोनासँग जुध्न सहयोग गरेको बताएका थिए ।

जनस्तरबाट उपलब्ध गराइएको स्वास्थ्य सामग्रीले कोरोनासंग जुध्न र समय सापेक्ष भएको जनप्रतिनिधिको भनाई छ । स्वास्थ्य सामग्री वितरण कार्यक्रममा सहभागी बन्नुभएका नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले कोरोनाबाट बच्न सर्तक हुनुभन्दा अर्को उपाय नरहेको बताउँदै अमेरिका जस्तो देशले समेत कोरोनालाई परास्त गर्न नसकेको बताए । अमेरिकामा सबै स्रोत र साधन भएपनि अमेरिकाले कोरोना नियन्त्रण गर्न सकेन शर्माले भने- यो वेला सचेत रहँदै सरकारको अभियानलाई सहयोग पुऱ्याउन म सबैलाई आग्रह गर्छु ।

# चट्याङः बाढीपहिरोभन्दा खतरनाक



**झापा, जेठ २५।** नेपालमा चट्याङका कारण हरेक वर्ष एक सय जनाभन्दा बढीको ज्यान जाने गरेको सरकारी तथ्याङ्क छ।

राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रको विवरण अनुसार विगत नौ वर्षमा चट्याङकै कारण ९ सय ५९ जनाले ज्यान गुमाएका छन् ।

त्यस्तै चट्याङ लागेर हरेक वर्ष ३ सय जना घाइते र कैयौं परिवारहरू प्रभावित हुने गरेको केन्द्रको विवरणमा उल्लेख छ । केन्द्रमा अनुसार गत वैशाख महिनामा चट्याङ लागेर १६ जनाको ज्यान गएको छ भने ९४ जना घाइते भएका छन् । गत वैशाखमा मात्र चट्याङले १६ जनाको ज्यान गयो । विगत नौ वर्षमा कूल एक हजार ९ सय ११ घरपरिवार चट्याङबाट प्रभावित भएका छन् ।

नेपाल प्रहरीले सङ्कलन गरेको तथ्याङ्कमा त्यस अवधिमा २ सय ८६ घरमा आंशिक र एक सय ३१ घरमा पूर्ण क्षति पुगेको छ । त्यस्तै ८५ वटा गोठमा क्षति पुगेको छ भने चट्याङ्रुका कारण एक हजार दुई सय ९८ पशु तथा चौपाय प्रभावित भएका छन् ।

देशभर विगत नौ वर्षमा दुई हजार ८८ वटा चट्याङरुका घटना भएका छन् । विशेषगरी वर्षाका बेला चट्याङ धेरै पर्ने गरेकाले सतर्क रहन केन्द्रले आह्वान गर्दै आएको छ । केन्द्रका अनुसार चट्याङ वर्षाका बेला हुने अन्य विपद्रुभन्दा ठूलो हो । केही दिनअघि केन्द्रले चट्याङबाट बच्ने उपायसहित विभिन्न भाषामा सचेतनामूलक सामग्रीहरू प्रचारमा ल्याएको थियो ।

केन्द्रको एउटा ट्वीटमा भनिएको छ- 'मानवीय क्षतिका हिसाबले चट्याङ बाढी, पहिरोभन्दा पनि ठूलो विपद् हो । सावधानी अपनायो भने यसबाट हुने क्षति कम गर्न सकिन्छ ।' मानवीय क्षतिका हिसाबले चट्याङ बाढी, पहिरोभन्दा पनि ठूलो विपद् हो । सावधानी अपनायो भने यसबाट हुने क्षति कम गर्न सकिन्छ ।

चट्याङविज्ञ श्रीराम शर्माका अनुसार बङ्गालको खाडी नजिक रहेका नेपालका भू-भागहरूमा बढी चट्याङ पर्छ । उनी भन्छन्- 'त्यो क्षेत्र भनेको झापा-मोरङ तिरको क्षेत्र हो । जुन संसारकै मानचित्रमा हेर्दा पनि तेस्रो बढी प्रभावित क्षेत्रमा लिन सकिन्छ । त्यसपछि चुरे क्षेत्र बढी प्रभावित देखिन्छ । तर मृत्यु हुनेको सङ्ख्याका हिसाबले चुरे क्षेत्र नै देखिएको छ ।

उनका अनुसार नेपालमा चट्याङको सबैभन्दा

(बाँकी अन्तिम पृष्ठमा)

## सूचना

- सम्बन्धित निकायमा दर्ता गरेर मात्र वस्तु वा सेवाको उत्पादन र विक्री वितरण सम्बन्धी कारोबार गरौं ।
- जाँच नगराएको वा रोगी, मरेको पशुपन्छीको मासु तथा मिसावट गरेको मासु विक्री नगरौं र नगराऔं ।
- गुणस्तरीय वस्तु वा सेवाको उपभोग गर्न पाउने उपभोक्ताको संवैधानिक हक तथा मानवअधिकारको सम्मान गरौं र गराऔं ।
- कसैले उपभोक्ता हितमा प्रतिकुल असर पर्ने काम कार्वाही गरेको पाइएमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागमा उजुरी गरौं ।
- जाँच नभएका र निरीक्षकद्वारा जाँचको टाँचा नलगाइएका नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र विक्री, वितरण वा प्रयोगमा नल्याऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## सहारा नेपाल साकोसका सीईओ गिरीलाई पितृशोक



**बिर्तामोड, जेठ २४।** सामाजिक अभियन्ता तथा सहारा नेपाल साकोस चारपानेका प्रमुख कार्यकारी निर्देशक ( सीईओ) महेन्द्रकुमार गिरीलाई पितृशोक परेको छ ।

गिरीका बुवा बमबहादुर गिरीको ८९ वर्षको उमेरमा बिर्तामोड-२ चारपाने निजी निवासमा शनिबार अपरान्ह ५ बजे निधन भएको हो । सामाजिक तथा धार्मिक क्रियाकलापमा सक्रिय गिरीको श्रीमती बशुन्धरा गिरीको २०६६ सालमा निधन भइसकेको छ । स्व.गिरीको दुई छोरा, दुई छोरी, चार नाती, चार नातिनी रहेका छन् ।

उनका छोरा-बुहारीहरुमा महेन्द्रकुमार-ज्योति गिरी र राजु-मिनादेवी गिरी रहेका छन् । त्यस्तै छोरी-ज्वाईंहरुमा निर्मला-लोकवहादुर भारती र मिना-ध्यानवहादुर भारती रहेका छन् । छोराहरु मध्ये महेन्द्रकुमार गिरी सहारा नेपालका सचिव, राष्ट्रिय सहकारी वैंकका सञ्चालक सदस्य, एकका लागि एक अभियानका संयोजक, जिल्ला सहकारी संघ झापाका उपाध्यक्ष, झापा गोल्डकपका पूर्व अध्यक्ष लगायत विभिन्न सामाजिक संघसंस्थामा आवद्ध रहेका छन् ।

त्यस्तै राजु सहारा नेपाल चारपानेका

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग





**क्वारेन्टिनमा बसेका युवाः** कचनकवल गाउँपालिकाको क्वारेन्टाइमा बसेका युवा । भारतबाट आई क्वारेन्टिनमा बसेकालाई कोभिड-१९ जाँचमा रिपोर्ट नेगेटिभ आएपछि मात्र घर पठाइन्छ । कचनकवलमा मात्रै ११३ जनामा कोरोना सङ्क्रमित भएको पाइएको छ । **तस्वीरः सुरेन्द्र भण्डारी/रासस**

# ‘सलह नेपाल आउँदैन’

**झापा, जेठ २५।** बालिनालीमा ठूलो क्षति पुऱ्याउने सलह अर्थात ‘डेजर्ट लोकस’ कीरा नेपाल आउने सम्भावना यो वर्षलाई टरेको छ ।

सलह नेपाल आउने सम्भावनालाई लिएर गठित सलह कीरा व्यवस्थापन कार्यदलले यो कीरा भारतबाट नआउने निष्कर्ष निकाल्दै कृषि मन्त्रालयलाई प्रतिवेदन बुझाएको छ । कार्यदलका संयोजक सहदेव हुमागाईले भने- ‘सलहको निगरानी गर्ने संस्थासँग कुरा गर्दा उहाँहरूले यो वर्ष सलह नेपाल नआउने भन्नुभो । बाँकी प्राविधिक कुराले पनि यही देखाएको छ ।’

अहिले सलहले भारतको राजस्थान र मध्यप्रदेशमा ठूलो क्षति पुऱ्याइरहेको छ । त्यहाँबाट विहार हुँदै नेपाल प्रवेश गर्नसक्ने अनुमान गरिएको थियो। कार्यदलका अनुसार सलह नेपाल आउने संम्भावना टर्नेमा दुईटा कुराले महत्वपूर्ण भूमिका खेल्यो । पहिलो हावाको बहाव । किट वैज्ञानिकहरूका अनुसार सलहको स्वभाव हावा जता बग्यो उतै उड्ने हुन्छ ।

त्यसैले अहिले राजस्थानमा हावाको बहाव पूर्वदेखि दक्षिणतिर मोडिएको छ । सोही अनुसार सलह मध्यप्रदेशको केही भागसम्म आइपुगेको छ । संयोजक हुमागाईले नेपालमा अहिले जुन हिसाबले मौसम बदली भइरहेको छ त्यसले पनि सलह नेपाल आउने सम्भावना टरेको बताए ।

अहिले निसर्ग चक्रवातका कारण नेपालमा मनसुन अलिकति चाँडो शुरु भएको छ । केही दिनअघि पूर्वदेखि पश्चिमसम्म पानी पर्यो। हुमागाईं भन्छन्- ‘सलहले पानी र बादल मन पराउँदैन। गर्मी र सुख्खा मौसम रुचाउँछ । नेपालमा अब पानी पर्ने मौसम शुरु भयो । त्यसैले सलह आउने सम्भावना छैन ।’ सलहको निगरानी गरिरहेको संयुक्त राष्ट्रसंघ अन्तर्गत खाद्य तथा कृषि संस्थाका अनुसार सलह अहिले भारतको राजस्थानमै घुमिरहेको छ ।

केही सलह मध्यप्रदेशसम्म पुगेर फेरि राजस्थान फर्किएको छ । यो संस्थाले अफ्रिका, मध्यपूर्वका एसियाली राष्ट्र र भारतसम्म आउने सलह जस्ता कीराको निगरानी गर्छ । सोही संस्थाले पनि सलह नेपाल आउने नसक्ने कार्यदललाई जानकारी दिएको छ ।

संयोजक हुमागाईंले यो वर्ष सलह आउने सम्भावना टरेपनि अर्को वर्ष आउनसक्ने कुरालाई लिएर पूर्व तयारी गर्नुपर्ने बताए। सलह नेपाल आए यसले कृषि क्षेत्रमै ठूलो क्षति पुऱ्याउँछ । राष्ट्रिय कृषि अनुसन्धान केन्द्रका किट वैज्ञानिक डा. नरेश डाँगी भन्छन्- ‘सलहले बालीको सबै भाग खाएर अस्थिपञ्जर मात्र बाँकी राख्छ ।’ (सेतोपाटी)

## खुकुरी प्रहारबाट मृत्यु

**खोटाङ, जेठ २५।** खोटाङको केपिलासगढी गाउँपालिका-२ खार्तामछामा खुकुरी प्रहारबाट १ जनाको मृत्यु भएको छ भने १ जना घाईते भएका छन् ।

समयमा स्थानीय ३६ बर्षीय शुभराज राईले सोही स्थान बस्ने ६५ बर्षीय डिल्लीराज राई र निजकै श्रीमती ६२ बर्षीया सममाया राईलाई धारिलो हतियार खुकुरीले प्रहार गरी घाईते बनाएको भन्ने खबर प्राप्त भएसंगै प्रहरी चौकी खार्तामछाबाट खटिएको प्रहरी टोलीले दुबै जनालाई घाइते अवस्थामा फेला पारेको थियो ।

घाइते दुबै जनालाई उपचारको लागी हेलिकोप्टरद्वारा काठमाडौ पठाउने तयारी हुँदै गर्दा डिल्लीराज राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ । घाइते सममायालाई कैलाश एयरको हेलिकोप्टरद्वारा काठमाडौ पठाइएको छ भने खुकुरी प्रहार गर्ने शुभराज राईलाई नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको उक्त कार्यालयले जनाएको छ ।

# योगमा बाधा पुऱ्याउने तत्व



रत्नबहादुर बस्नेत

योगको अर्थ हुन्छ- जोड्नु वा जुट्नु । परमात्मा वा ईश्वरीय शक्तिसँग सम्बन्ध जोड्ने कार्यमा जुट्नु नै योग हो । पतञ्जलीमा मन निरोधः इति योगः भनेर चित्तवृतिको निरोधलाई नै योग भनिएको छ । निरोध भनेको रोक्नु हो । गीता अनुसार अनुकूल-प्रतिकूल, लाभ-हानी, दुःख-सुख, सफलता-असफलता आदि सबै अवस्थामा समभावमा रहनु योग हो । त्यस्तै कार्य गर्ने कुशलतालाई नै योग भनिएको छ ।

योग पूर्वीय दर्शनको पनि दर्शन हो । योगबाट शारीरिक तथा मानसिक आरोग्यता प्राप्त हुन्छ । पूर्णरुपमा स्वस्थता प्राप्त हुन्छ । भनिन्छ, मानिस खान नपाएर मर्दैन तनावले मर्छ । योगबाट तनावमुक्त बन्न सकिन्छ । त्यसैले मानिस चाहे कृषक होस् वा व्यापारी, डाक्टर होस् वा शिक्षक, राजनीतिज्ञ होस् वा कलाकार जुनसुकै पेशा वा क्षेत्रमा रहे पनि पहिले योगी (योगाभ्यास गर्ने) बन्न जरुरी छ । आज योगको महत्व दिनप्रतिदिन बढ्दै गएको छ । अझ आजको महामारीको अवस्थामा भय, तनाव, दुःखबाट बच्न मानसिक स्थिरताका लागि योग साधनाको महत्व झनै बढेको छ । नेपालमा पतञ्जली योग केन्द्रका शाखाहरु विस्तार गर्ने क्रम बढ्दै गएको छ । ‘गरौं योग बनौं निरोग’ भन्ने नाराका साथ योग केन्द्रका शाखा विस्तार गरिएका छन् । हालै कतिपय कोरेन्टाइनमा समेत योग प्रशिक्षण भइरहेको खबर आइरहेको छ । एकान्तबासको समय भएकोले यसका लागि अनुकूलता पनि छ । आजभोलि योगलाई विभिन्न आसन योगासनमा महत्व दिई शारीरिक व्यायमका रुपमा लिने गरिएको पनि पाइन्छ । तर विभिन्न आसनमा रहेर मन स्थिर बनाउनु, मनमा आन्तरिक शक्ति जागृत गराउनु र मन आनन्दित तथा शान्त बनाउनु योगासनको उद्देश्य हुनुपर्छ । योग शारीरिक व्यायममा सीमित रहनु हुँदैन । योगलाई जीवन जिउने कलाका रुपमा लिइनु पर्दछ ।

पतञ्जलीले योग आठ प्रकारका हुने बताएका छन् । जसमा यम, नियम, प्रणायाम, आसन, प्रत्याहार, ध्यान, धारणा र समाधि पर्दछन् । अघिल्लो पाँच वाह्य र बाँकी तीन आन्तरिक साधन मानिन्छ । यममा नैतिक आचरण नियन्त्रणको तरिका सिकाइन्छ । यसको अभ्यासले मान्छे चरित्रवान् बन्छ । यमभित्र पनि सत्य, अहिंसा, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह गरी पाँच नियम छन् । नियममा मनलाई विश्राम दिन सिकाइन्छ । शौच, सन्तोष, तप,



स्वाध्याय, ईश्वर प्रणीधान जस्ता पाँच नियम हुन्छन् यसमा पनि। आसनमा स्थिर भएर सुखपूर्वक बस्न सिकाइन्छ । प्रणायाममा श्वासप्रश्वासलाई नियन्त्रण गर्न सिकाइन्छ । प्रणायाम पनि सगर्भ र अगर्भ गरि दुई किसिमका हुन्छन् । प्रणायाम गरेपछि श्वास वशमा आउँछ । यसबाट व्यक्तिमा सौन्दर्य, उत्साह र कोमलताको भाव प्रकट हुन्छ। यही अवस्थालाई प्रत्याहार भनिन्छ । यो चरणमा मनमा स्थिरता आउँछ । मनलाई वशमा राख्न सकेपछि उच्च आनन्द प्राप्त हुन्छ । चित्त एकैठाउँमा स्थिर भएपछि ध्यान गर्न सकिन्छ । ध्यान गरेर मन शान्त भएको अवस्थालाई समाधि भनिन्छ ।

योग कसलाई सिद्ध हुन्छ भन्ने सम्बन्धमा गीतामा योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ- ‘हे अर्जुन ! यो योग न धेरै खाने वा नखाने, धेरै सुत्ने वा कम सुत्नेलाई नै सिद्ध हुन्छ । यो आफ्ना आहारविहार नियमित गर्नाले सिद्ध हुन्छ ।’ त्यस्तै सकाम कार्यबाट योग हुनसक्दैन निष्काम कर्म नै योग हो भन्ने उहाँको मत रहेको छ । त्यस्तै अन्य अनुष्ठानभन्दा योग मार्ग नै सर्वश्रेष्ठ रहेको बताउँदै उहाँ अगाडि भन्नुहुन्छ- ‘हे अर्जुन ! तपस्वीहरु, ज्ञानीहरु र कर्मकाण्डीहरुभन्दा योगी नै श्रेष्ठ मानिएको छ । त्यसकारण तिमी योगी (योगाभ्यास गर्ने) नै बन ।’ यसरी योग सफलता लागि यसका बाधा-व्यवधानबाट बचेर विधि र नियम पालना गर्न जरुरी छ । अब योग साधनामा बाधा पुऱ्याउने तत्वबारे विचार गरौं । यी सातलाई योगका मुख्य बाधकका रुपमा मानिएको छ ।

**शंका:** योगको पहिलो बाधक तत्व हो- शंका । मैले योग शुरु गरें, सफल हुन्छ कि हुँदैनन, समाधि अवस्था प्राप्त गर्न सक्छु कि सक्दिन भन्ने तर्क-वितर्क, शंका-उपशंका गर्नु पनि योग मार्गको ठूलो बाधा मानिन्छ । हिंडेर नै गन्तव्यमा पुगिने र गरेर नै सफल बन्न सकिने भएकाले विभिन्न तर्क, शंका गरेर गर्नुभन्दा नगर्नु नै वेश हुन्छ । समझदारहरुले शंसय त्यागेर कर्म गर्नुपर्छ । शंसय छाडेर साधना गर्नेले नै लक्ष्य प्राप्त गर्दछ ।

**आलस्य:** बढी खानु, धेरै सुत्नु, तामसिक खानपानमा अभ्यस्त हुनु इत्यादि सम्पूर्ण कुराहरुमा विचार नगरी योग शुरु गरेमा अल्छी, भारिपनाको कारण योगाभ्यासमा बाधा उत्पन्न हुन्छ । त्यसैले मिताहार विहार, शुद्ध पवित्र विचार र भावनाहरुलाई ध्यान दिनु नितान्त आवश्यक छ ।

**आशक्ति:** सास्थ्य र मन अनुकूल नहुने विषयवस्तुमा आशक्ति राख्नुहुँदैन । मीठो, अमिलो, चिल्लो, पिरो अभक्ष खानपान, आहारविहार तथा ब्रह्मचर्य पालनमा विशेष ध्यान पुर्याउनु पर्छ । नत्र भने योगमा पूर्णता प्राप्त गर्नसकिँदैन ।

**भ्रान्तिदर्शन:** आफ्नो मन चित्तमा आउने नचाहिँदा तर्क वितर्क, सपना आकृति, विकृति आदि सम्पूर्ण भ्रान्ति अन्तरगत पर्दछन् । यस्ता झूठो कुरा (भ्रम) मनमा आउनै दिनुहुँदैन, सदा त्याग गर्नुपर्दछ ।

**दु:ख:** मानिसको जीवनमा आइपर्ने आधिभौतिक, आदिदैविक, आध्यात्मिक कुनै पनि प्रकारको दुःख, समस्या, बाधा नै दुःख हो । यसले पनि चित्तलाई अनुकूलता दिँदैन । प्रतिकूल अवस्थामा पनि विचलित नभई धैर्य र संयमतालाई अपनाएर योगाभ्यास गर्नुपर्दछ ।

**व्याधि:** योगमा जबर्जस्ती इन्द्रियहरुलाई जोड गर्दा विषमता उत्पन्न हुन्छ र रोग ब्याधिले निहुँ खोज्न थाल्छ । त्यसैले शरीर र मनलाई अनुशासनपूर्वक अभ्यास गर्दै लैजानु पर्छ । जबरजस्ती बलपूर्वक गर्नुहुँदैन ।

**सत्यान:** चित्तमा भ्रम उत्पन्न गरेर सत्यलाई असत्य, तर्क, शंका अस्थिरता उत्पन्न गराउनु नै बाधा हो । जसलाई बुझेर सोचेर कार्य गर्नुपर्ने हुन्छ ।

## अनलाइन ...

भएका निकाय तथा सञ्चारकर्मीको बीचमा श्रव्य दृश्य (भर्चुअल) छलफलको आयोजना गरेको छ ।

छलफलमा सहभागी अधिकांशले अनलाइन कारोवारमा प्राप्त हुने सामानको गुणस्तर नहुने, सस्तो सामानलाई बढी मूल्य लिने गरेको र उपभोक्तालाई ठगी गरिरहेको पाइएकाले कडा कानूनी प्रावधान जरुरी रहेकोमा जोड दिएका थिए ।

उपभोक्ताले सामान लिने समयमा समेत हेर्न नपाएको, कसरी भुक्तानी गर्ने भन्ने विषयमा समेत जानकारी नभएको र बिचौलियाका रुपमा काम गर्ने अनलाइन व्यापार गर्नेले सट्टापट्टामा समेत ध्यान नदिइएको पाइएको छ । यस्तै बिक्री भएको समान फिर्ता गर्ने वा साट्ने सुविधा नभएको, मूल्य अभिवृद्धि कर बिलसमेत नपाएको अवस्था छ ।

इ-कमर्शको कानूनको प्रारम्भिक मस्यौदा गरिरहेका सेन्ट्रल फर रुल अफ ल का वरिष्ठ अधिवक्ता डा. नारायण घिमिरेका अनुसार गुणस्तरीय सेवा तथा वस्तु प्राप्त गर्ने उपभोक्ताको हकलाई प्रस्तावित मस्यौदामा प्रमुख प्राथमिकतामा राखिएको छ । प्रत्येक ग्राहकलाई वस्तुको गुणस्तर, विवरण मूल्य आदिबारे सूचना पाउने हक, प्रत्येक ग्राहकलाई वस्तु सामग्री वा सेवाको प्रयोगबाट भएको हानी-नोक्सानीलाई समेत कानूनले समेट्ने गरी तयारी गरिएको छ ।

प्रस्तावित ऐनमा विद्युतीय व्यापारको विकास तथा प्रयोगको राष्ट्रिय अवस्था, उपभोक्तासम्बन्धी हकसम्बन्धी व्यवस्था, वस्तु तथा सेवा खरिद बिक्री हस्तान्तरणसम्बन्धी व्यवस्था, करारिय दायित्व, वस्तु वा सेवाको हस्तान्तरण र नोक्सानी र दायित्वका विषयसमेत समेटिने भएको छ ।

सामानको उत्पादनकर्ता, बिक्रेता, क्रेता, मध्यस्तकर्ता, ढुवानीकर्ता, अनावश्यक शर्त राख्न नपाउने, वस्तुको वारेन्टी तथा ग्यारेन्टी, स्वच्छ बजार प्रतिस्पर्धाको दुरुपयोग गर्न पाइने छैन । यस्तै, व्यक्तिगत सूचना र विवरणको सुरक्षाका सन्दर्भमा पनि प्रस्तावित मस्यौदाले जोड दिएको छ । ग्राहकको व्यक्तिगत सूचना र विवरण, ग्राहकको क्रेडिट कार्ड नम्बर, व्यक्तिगत विवरण र बैंक खाता नम्बरको गोपनीयता र सुरक्षालाई अनिवार्य गरिनुपर्ने, आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराउनेतर्फ ध्यान दिनुपर्नेछ ।

निरीक्षण र अनुगमनसम्बन्धी सूचनाको प्रबन्ध, माल वस्तुको भण्डारण गरेको स्थल, भवन आदि कानून अनुसार भए/नभएको बुझ्नका लागि तोकिए अनुसार अनुगमन टोली खटाउन सकिने विषयलाई समेत कानूनले समेट्न खोजेको छ । कुनै विषयमा विवाद भएको सन्दर्भमा कसरी समाधान गर्ने र कसुर तथा सजाय सम्बन्धी व्यवस्था के कस्तो रहनुपर्ने भन्नेमा ध्यान दिइनुपर्नेछ ।

अनलाइन कम्पनीले दायित्व पूरा नगरेवापत उपभोक्तालाई पर्न जाने हानी-नोक्सानी तथा क्षतिपूर्तिको प्रबन्धलाई थप स्पष्ट पार्नुपर्ने आवश्यकता महसुस भएको छ ।

कार्यक्रमका सहभागीले वस्तु तथा सेवा खरिदसम्बन्धी कारोवार गर्नेलाई सहज बनाउने गरी कानून बनाउनुपर्ने, क्षतिपूर्ति कसले दिने हो भन्ने प्रष्ट हुनुपर्ने, सेवा तथा गुणस्तरको विषयमा थप प्रष्टताको जरुरी रहेको बताएका थिए । विद्यमान व्यवस्था अनुसार उपभोक्ताले क्षतिपूर्ति लिन नसक्ने भएकाले सरकारले नै विशेष प्रबन्ध गरेर दोषीलाई कानूनी दायरामा ल्याउन लाग्नुपर्ने धारणा राखेका थिए । फोटो र भिडियो देखाएको भरमा सामान माग गर्दा जस्तो सामान आए पनि भुक्तानी गर्नैपर्ने, चित्त नबुझे पनि लिनैपर्ने, अधिकतम् उपभोक्ता मूल्य के कति हो थाहा नहुनेजस्ता समस्या देखिएको छ ।

यस्तै सामान माग गर्नेको घरसम्म पुऱ्याउँदा थप शुल्क लिएको, आपूर्तिकर्ताले कमिसन खोजेका मात्रै नभई ढुवानी भाडासमेत आफूखुशी लिने गरिएको छ । उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले उपभोक्तालाई वस्तु र सेवाको छनौट गर्ने अधिकार, मूल्य, गुणस्तर र नापतौल, क्षतिपूर्ति कोसँग लिने भन्नेजस्ता विषय कानूनमा प्रष्टरुपमा समेट्न सुझाव दिए ।

गुणस्तरहीन सामान नपाउँदा उपभोक्ताले माग गरेको सामानको प्रभावकारी उपभोग गर्न पाउने अवस्था नरहेको, मध्यस्तकर्ता र सम्बन्धित कम्पनीलाई कालोबजारी ऐन अन्तर्गत कारवाही गर्ने व्यवस्था पनि थप प्रष्टताका साथ राख्नुपर्ने उनको सुझाव छ । गुणस्तर, मूल्य र नापतौलमा बदमासी गरेको खण्डमा पनि त्यस्ता सामान बिक्रेतालाई कारवाहीको दायरामा कसरी ल्याउने भन्ने सन्दर्भमा ठोस् रुपमा नै कानूनी आधार तयार पार्नुपर्ने उनको भनाइ छ ।

अर्का उपभोक्ता अधिकारकर्मी कल्याणी शाहले सामान उत्पादनकर्ता र बिक्रेतालाई समेत नियमन गर्न थप प्रष्टताको जरुरी रहेको बताइन् । उपभोक्ता अधिकारकर्मी सहदेव गौतमका अनुसार अनलाइन कारोवार गर्नेले बिक्री गर्ने सामानको नापतौल, गुणस्तर, उत्पादन तथा म्याद सकिने मितिलगायत सामान्य विषयमा समेत विशेष ध्यान दिने गरी बाध्यकारी प्रबन्ध गर्न कानूनी संरचना बनाउनुपर्नेछ ।

अनलाइन कारोवार विश्वव्यापीरुपमा नै फैलिँदै गएको अवस्थामा नेपाल त्यसबाट अछुतो नरहने भन्दै उपभोक्ताको हित गरी कारोवारलाई थप व्यवस्थित र विश्वसनीय बनाउनुपर्ने उनको भनाइ छ ।

कारोवारमा पारदर्शिता छ वा छैन भनेर अनुगमनका लागि विभागमा छुट्टै शाखा बनाउनुपर्ने, कुन-कुन अनलाइनले के के सामानको बिक्री वितरण गरिरहेका छन् भन्ने देखिने र ग्राहकले गुनासो गर्नेबित्तिकै कारवाहीको दायरामा ल्याउने प्रणालीको विकास गर्नुपर्ने गौतमको भनाइ छ । कन्जुमर आई नेपालका अध्यक्ष विमला खनालले कारोवारकर्ता प्यान, भ्याटमा दर्ता भएको छ वा छैन, स्थायी ठेगाना कहाँ हो, कार्यालय, बोर्ड छ वा छैन भन्ने विषयमा समेत ध्यान दिनुपर्ने बताइन् । सामान एउटा देखाउने र अर्को आउने गरेको यथार्थतालाई मध्यनजर गरेर गलत काम गर्नेलाई कानूनी कारवाहीमा ल्याउन कुनै कन्जुस्याईं नगर्ने खालको प्रावधान समेट्नुपर्ने उनको भनाइ छ ।

उपभोक्ता अधिकारीकर्मी अप्सरा कोइरालाले पनि कमसल सामान ल्याउने र उपभोक्ता ठग्ने काम पछिल्लो दिनमा अनलाइन कारोवारको नाममा मौलाएकाले पीडितलाई न्याय दिने विषयमा कडा कानूनी प्रबन्ध जरुरी रहेको बताइन् ।

## चट्याङ...

बढी प्रभाव मकवानपुर जिल्लामा देखिएको छ । तर बारम्बार चट्याङ परिरहने क्षेत्रमा झापा र मोरङ पर्छन् । मान्छेमाथि सोझै चट्याङ पर्दा शरीरमा त्यसको विद्युत् प्रवाह भएर ज्यान जाने उनी बताउँछन् ।

त्यस्तै चट्याङको आवाजले कानको जाली फुट्ने र घाइते हुने पनि गर्छ । शर्माका अनुसार चट्याङ पर्दा जहाज वा गाडीभित्र रहेका मानिसहरू बच्ने सम्भावना धेरै रहन्छ । त्यस्तै पक्की घरमा बसेका मानिसलाई पनि सुरक्षित नै मानिन्छ । उच्च गतिको विद्युत प्रवाह हुने हाइटेन्सन लाइन तल दुवै गोडा जोडेर बस्दा पनि बच्न सक्ने उनी बताउँछन् । उनी घरलाई चट्याङ प्रतिरोधी बनाउनुपर्ने सुझाव दिन्छन् । त्यसका लागि घरको माथि तामाको त्रिशुल वा रड राखेर त्यसलाई जीआइ पाताले जोडेर घर मुनि माटोमा लगेर गाड्ने र त्यहाँ त्यसलाई तामाको पाताले जोड्नुपर्ने उनले बताए ।

नेपालमा विशेषगरी दिउँसोको समयमा चट्याङ परेको पाइएकाले दिउँसो ३ बजेपछि खेतबारीमा नजान उनी सुझाव दिन्छन्। प्रायजसो जमीन र बादलको दुरी कम भइरहने पहाडी भूभागमा सजग रहनुपर्ने शर्माको भनाइ छ ।

## सहारा ...

कर्मचारी लगायत विभिन्न सामाजिक संघसंस्थामा आवद्ध रहेका छन् । त्यसैगरी उनका ज्वाईं ध्यानवहादुर भारती अर्जुनधारा नगरपालिका वडा नम्वर ५का वडाध्यक्ष हुन् । स्व. गिरीको शनिवार नै कोटीहोमस्थित कनकाई आर्यघाटमा अन्त्येष्टि गरिएको पारिवारिक श्रोतले जनाएको छ ।


बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा

**स्यानिटरी प्याड खरिद गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्ययनरत् छात्राहरुको लागि आवश्यक पर्ने स्नानिटरी प्याड विद्युतीय माध्यमद्वारा खरिद सम्बन्धी मिति २०७७०२२५ मा प्रकाशित शिलबन्दी दरभाउपत्रको सूचना यस बाह्रदशी गाउँपालिकाको वेबसाइट (Website): bahradashimun.gov.np. मा प्रकाशन गरिएको छ । विस्तृत विवरण वेवसाइटमार्फत अध्ययन गर्नुहुन अनुरोध छ ।

राजेन्द्रप्रसाद दहाल
प्रमुख प्रशासकीय अधिकृत



**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।
नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा
सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)



बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

**बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

*‘पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि’*

- जन्मदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्धविच्छेद तथा मृत्युदर्ता जस्ता व्यक्तिगत घटना भएको मितिले ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।
- बालबालिकाहरुलाई विद्यालय पुऱ्याऔं । शिक्षाको उज्यालो ज्योतिबाट टाढा हुन नदिऔं ।






बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्कगर्नुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

## चुनौतिबाटै सफलता पाइन्छ

नेपाली साहित्यको कबिता बिधाका सशक्त हस्ताक्षर भूपि शेरचनले समय सन्दर्भ, राजनीतिक परिवेश र सत्तामा बस्नेहरूका चरित्र आफ्ना सृजनाका माध्यमबाट प्रकट गरेका थिए । उनका सृजनाहरूमध्ये 'हल्लै हल्लाको देश' आज पनि उत्तिकै सामयिक र सान्दर्भिक छ । समाजमा केही पात्र हुन्छन् जो हल्लामा रमाउँछन् र हल्ला गर्न नपाए जीवन निरर्थक ठान्न पुग्छन् । यस्तो चरित्र जिम्मेवार पद धारण गर्ने गरेकाहरूमा समेत देख्न पाइन्छ। कुनै विषय वा कुनै सामान्य घटनालाई नै पहाड बनाएर आत्मरतिमा रमाउनेहरूको पनि कमी छैन । यी र यस्ता सन्दर्भलाई काव्यिक सौन्दर्यले भरिपूर्ण पारेर कालजयी सृजना गर्ने स्रष्टा भूपि यसकारण पनि सधैं जीवित र सम्पूज्य छन् ।

अहिले मुलुक भाइरस पीडाले आक्रान्त छ। जनताका प्रतिनिधि हुन् भन्नेहरू मुख बढी चलाउँछन्, काम गरेको अनुभूति गर्न पाइादैन। 'घरमै बसौं र सुरक्षित रहौं' भनेर मात्र यो पीडाबाट मुक्ति पाइने होइन । घर बाहिर रहेकाहरूभित्र आउन आतुर छन् । सरकार उनीहरूलाई सुरक्षित ल्याउन, व्यवस्थित बसाउन र आवश्यक परीक्षण तथा उपचारमा गम्भीर छैन । जसका कारण संक्रमण रोकथाम होइन बिस्तारको क्रममा छ । क्वारेन्टाइनमा रहेकाहरू परीक्षणबिनै घर जाँदैछन् । कतिले परीक्षण नै नभइ प्राण त्यागेका छन् । उनीहरू मृत्यु पश्चात संक्रमित ठह¥याइन्छन् ।

अहिले दिनहुँ सरदर तीनसय जनामा भाइरस देखिन थालेको छ । यही बेला सरकारले कोरोना परीक्षणको नयाँ मापदण्ड लागू गरेको छ । भाइरसको लक्षण नै नदेखिएकाहरूको मृत्यु हुन थालेको सन्दर्भले नेपाली समाज भयातुर बनिएको छ । स्वेच्छिक परीक्षण पनि गर्न नपाइने अबस्थामा घर फिरिसकेका लाखौं जनता र उनीहरूसँग जोडिएको समुदाय कसरी सुरक्षित होला अनुमान गर्न गाह्रो छ । अझै तेस्रो मुलुकमा रहेका नेपालीको आउने क्रम शुरू भएकाले जोखिम अरू थपिएको छ । स्वदेश ल्याउनुलाई मात्र वहादुरी ठानियो भने यो महाभूल हुनेछ ।

लकडाउनको अढाइ महिना लामो अबधि शहरबजारमा बस्नेहरूलाई पट्यारलाग्दो भएको हुनुपर्छ। ग्रामीण जीवनमा शायद यसले केही फरक पारेको छैन । त्यहाँ फरक परेको हुनसक्छ केवल भूमिहीन व्यक्तिहरुलाई । सरकार यस्तै उदासीन र कर्तव्यविमुख भइरहने हो भने सर्वसाधारण कोही पनि कोरोना कहरबाट मुक्त हुन सक्नेछैनन् । पद र पावर हुनेहरूले परीक्षणको मूल विधि अनुसारको पीसीआर गराइसकेका छन्, तर आशंका गरिएका, लक्षण नै देखिइसकेका जनता भने उपचार होइन परीक्षण गर्न नपाइ मर्न विवस छन्। यसैलाई भनाइ बनाइएको होला– लाठी हुनेको भैंसी। उपकरणको अभावमा कसैको अमूल्य जीवन समाप्त नहोस् यसतर्फ स्वास्थ्य मन्त्रालय, सम्बद्ध बिभाग र सरकारको ध्यान जाओस्। परीक्षणको दर बढोस्, संक्रमितको पहिचान यथासमयमा होस्। नेपालीको घर फिर्ति सहज बनियोस्, व्यवस्थित र मापदण्ड अनुरुप होस् । सेवापेक्षी सबैले सहज उपचार सेवा पनि प्राप्त गर्न सकून् । यसले मात्र जनताको बाँच्न पाउने अधिकारको रक्षा गर्न सक्छ र सरकार हुनुको औचित्य शिद्ध हुनसक्छ ।

# अल्पद्रष्टा बुद्धिजीवीको स्वतन्त्रता र स्वनियमनको व्यथा



तीर्थराज खरेल



बौद्धिक श्रममा जिउने कर्मीहरु नै बुद्धिजीवी हुन्। उनीहरु वास्तवमा मजदुर नै हुन् तथापि उनीहरु आफूलाई मजदुर भन्न रुचाउँदैनन्। विशेषतः बौद्धिक श्रममा जिउने, मुलुक र जनताको हितमा चिन्तनमनन गरी मुलुकलाई नवीन गोरेटातिर डो¥याउन दिशा निर्देशन गर्ने बुद्धिजीवीहरु श्रमिकवर्गको स्वर प्रबल र प्रधान हुनुपर्नेमा विश्वास राख्छन्, किनभने उनीहरु आफै श्रमजीवी नै हुन्। बहुमुखी प्रतिभा-सम्पन्न विचारकहरु बुद्धिजीवी माझबाटै जन्मछन्। धर्म, दर्शन, साहित्य, इतिहास, राजनीति आदिको अध्ययन र अनुसन्धान गर्दै विगत र वर्तमानको गहिरो विश्लेषणका आधारमा आगतको सुन्दर संसारको रुपरेखा कोर्ने काम मुख्यतः बुद्धिजीवीकै हो।

हाम्रा दुःखकष्ट, आर्थिक, सामाजिक, राजनीतिक समस्या सृजनाका लागि सबैभन्दा घातक प्रवृत्ति दास मनोवृत्ति नै हो। २०४६ सालको प्रजातन्त्र पुनर्स्थापनापछिकै कुरा गरौं। प्रजातन्त्र, समाजवाद, राष्ट्रियता लगायतका क्षेत्रमा हाम्रा अल्प दृष्टि र संकीर्ण सोचहरु डरलाग्दा समस्याहरु हुन्। प्रजातन्त्र सबै थोक हो भनेर हामी धेरै दशक बाँच्यौं। प्रजातन्त्र सापेक्ष हुन्छ र आलोच्य पनि हुन्छ भन्नेलाई प्रजातन्त्रबिरोधी भन्यौं। आवधिक निर्वाचन मात्र प्रजातन्त्र हो भन्ने परिभाषाको प्यालाको रक्सी पिएर हामी निकै ठूला प्रजातन्त्रवादी भएका छौं। यतिबेला समाजवादको धङ्धडी शुरु भएको छ। नेपालको संविधान २०७२ मा पनि नेपाल समाजवादोन्मुख राज्यप्रणाली भएको बुझाइ र आग्रह हामीले लेख्यौं। समाजवादको संकथनको पृष्ठभूमि, प्राक्कथन, प्रस्थापना, भाष्य र प्रारुपका सम्बन्धमा चिन्तन कसले गर्ने हो ? केही बुद्धिजीवीहरु विद्यालय, महाविद्यालय र विश्वविद्यालयका समयबद्ध कार्यतालिकाभित्र आफ्नो सर्वश्व देख्छन्। उनीहरु आफूलाई बनिबनाउ पाठ्यक्रमको केवल व्याख्याकार मान्छन् र त्यसमा अल्पविराम र अर्धविराम तलमाथि पर्छ कि भनी बहुत चिन्तित हुन्छन्। बजेट भाषण पढिने १ महिना अघिदेखि सुविधावृद्धिको आंकलन गर्छन् र बजेट भाषण सकिएको १ महिनापछिसम्म त्यसकै चर्चामा केन्द्रित हुन्छन्। नेपालको कर्मचारीतन्त्रमा पनि बुद्धिजीवीहरुको ठूलो पकड छ। यो तप्का सरकारको मेसनरी तप्का हो, यो सोच्ने, आविष्कार गर्ने र अनुसन्धान गर्नेमा भन्दा पनि अह्राएको काम गर्नेमा बढी विश्वास गर्छ। उनीहरु विश्वास गर्छन्- दिएको काम गर्ने हो कर्मचारीतन्त्रले। यो तप्काभित्रका केही बुद्धिजीवीहरु राजनीतिक नेतृत्वलाई बाटो देखाउने कोशिस पनि गर्छन्, तर उनीहरुको स्वर धीमा हुन्छ, भूमिका गौण हुन्छ र विभेदको व्यूहचक्रममा पर्ने गरेका छन्। अर्को महत्वपूर्ण बौद्धिक तप्का सञ्चारक्षेत्रमा पनि छ। सञ्चारक्षेत्रमा रहेका बुद्धिजीवीहरुलाई दिनदिनै घटिरहेका घटना, औपचारिक सभासम्मेलन, व्युटीपार्लर उद्घाटन, सिंगडे तालिम र संघ, प्रदेश र स्थानीय तीनै तहका सरकार र नेताहरुको सवारी र मन्तव्यका समाचार बनाउनै भ्याइनभ्याइ छ। चिकित्सा, इञ्जिनियरिङ लगायतका प्राविधिक क्षेत्रमा रहेका बुद्धिजीवीहरु प्रतिभा पलायनको सबैभन्दा बढी शिकार हुने गरेका छन्। ज्ञानआर्जनका क्रममा बढी लगानी भएबाट उनीहरु नवप्रवर्तन र आविष्कारलाई भन्दा पनि पैसा आर्जनलाई बढी प्राथमिकता दिन्छन्। राष्ट्रियताका सबालमा उच्चकोटीको विचार जागृतिको विचार हो, तर त्यही विचार अन्धराष्ट्रवादी सोचमा परिणत भएका अनगिन्ती उदाहरणहरु छन्। हरेक कालो बादलमा पनि चाँदीको घेरा हुन्छ भनेझैं यिनै प्रतिकूलता, वैषम्य र उबडखाबडकाबीच मुलक र मुलुकवासीको हितमा साँचो अर्थमा आफ्नो जीवन अर्पण गर्ने बुद्धिजीवीहरु पनि यो मुलुकमा जन्मेका छन्।

सभा र गोष्ठीहरुमा क्रान्तिकारी तथा आदर्शवादी व्याख्यान गरेर र हिजो आफ्नै गाउँबस्ती, झुपडी र बुकुराहरुमा चप्पल लगाएर भूमिगत जीवन बिताएका र आज सरकारको बागडोर सम्हालेका नेताहरुप्रति फेसबुक र ट्वीटरमार्फत सत्तोसराप गर्दै महासंग्रामको घोषणा गर्दैमा बुद्धिजीवीको भूमिका पूरा हुन्छ ? प्रज्ञाप्रतिष्ठानको कुर्सीमा पुगेपछि मात्र प्रज्ञावान हुने भ्रम पल्पिएको मुलुकका तथाकथित 'भाग्यहन्ता बुद्धिजीवीहरु' अल्पद्रष्टा बुद्धिजीवीहरु हुन्। सत्ताको नौनीको अंशको आशमा बस्ने, आशा पुरा नहुँदा 'क्रान्तिको अपूर्णता' को राग अलाप्दै क्रान्तिको रातो घाम आफ्नै वरिपरि मात्र घुम्न सक्ने भ्रमको खेती गर्ने बुद्धिजीवीहरु क्रान्तिकारी लफ्फाजीको जडसूत्रमा जकडिएर जनविरोधी कित्तामा उभिएर स्वतन्त्रताको गीत गाउन मन पराउने उनीहरुको धर्म हो। यी तथाकिथत स्वतन्त्रताप्रेमी बुद्धिजीवीहरुको मुख्य काम विरोध हो। यिनीहरु प्रतिकृयात्मक हुन्छन् र सत्ता-सरकारका गल्ती र कमजोरी मात्र देख्छन्। उनीहरुको खल्तीमा कुनै न कुनै छाप भएको दसीप्रमाणको कागत हुन्छ। यिनीहरु समाजमा भइरहेका असल पक्षलाई कमै देख्छन्। दृष्टिदोष यिनीहरुको कमजोरी हो। यिनीहरुको सूर्य विरोध र नकारात्मकताको क्षितिजमा उदाउँछ र ननिदाउञ्जेलसम्म पनि यिनीहरु विरोध नै लेख्छन्, विरोध नै बोल्छन्। साँच्चै भन्ने हो भने यिनीहरु सपनामा पनि विरोध नै बोलिरहेका हुँदा हुन्। सामाजिक सञ्जालमा टुप्लुकिएका अप्रमाणित उडन्ते सूचनालाई यिनीहरु अनुसन्धानको मूल स्रोत मान्छन्। यस्ता बुद्धिजीवीहरु यो जुनीमा सच्चिने छैनन्, अर्को जुनी त आजसम्म कसैले देखेकै छैन। देश दुनियाँमा भइरहेका रुपान्तरणलाई नदेख्ने, सदैव विरोध पकाएर विरोधै खाने यस्ता बुद्धिजीवीहरुबाट युवा बुद्धिजीवी, युवा लेखक र विश्वविद्यालय पुरा गरी जीवन-संग्राममा हेलिन आँटेका भोलिका सुन्दर फूलहरुले जोगिनुपर्छ। सदैव विरोध मात्र गर्ने क्रमको निरन्तरता एउटा डरलाग्दो रोगमा परिणत हुन्छ। युवाहरु उदाउँदा सूर्यजस्तै हुन्। उनीहरुले दास हुने होइन, जाग्रत मनुष्य हुने हो। आलोचना गर्ने, प्रश्न उठाउने ताकत आफूमा युवाहरुले विकास गर्न जरुरी छ। प्रश्न केवल प्रश्न गर्नका लागि मात्र हुनुहुँदैन। अर्का थरी बुद्धिजीवीहरु झनै खतरनाक छन्। सत्ताको वरिपरि परिक्रमा गर्ने र चिन्तनमननभन्दा पनि यथास्थितिको विद्रुपतामा संक्रमणको धमिलो पानीमा माछा मार्ने उनीहरुको बढी इच्छा हुन्छ। हाम्रो समाज लामो समयदेखि पछौटेपन, अज्ञानता, स्वार्थ, पारस्परिक शंका र धोखाले गाँजिएको छ। बुद्धिजीवीहरुले सम्पूर्ण देशवासी र मानवजातिलाई मुक्तिको लागि सहयोग गर्न जरुरी छ। सत्ताको जुठोपुरोमा आफ्नो भाग्य देख्ने बुद्धिजीवीहरु अन्धभक्तिका उदाहरण हुन्। उनीहरु सरकारका हरेक निर्णय र गतिविधिको अन्ध समर्थन गर्छन्। यो पनि दृष्टिदोष हो। अन्धविरोध जसरी हानीकारक हुन्छ, त्यसरी नै अन्धसमर्थन पनि हानीकारक हुन्छ भन्ने सच्चाइलाई आत्मसात गर्न जरुरी छ। कार्यदिशा, कार्यभार र कार्यक्रम प्रष्ट नभइकन समर्थनमा लामबद्ध हुने र अचानक विरोधमा जमात ठूलो भएमा अन्यमनष्क अवस्थामा पुग्ने गर्दछन् यस्ता बुद्धिजीवीहरु। अल्पज्ञान भयंकर भनेझैं अन्धसमर्थनले धेरै कुरा बुझिरहन पनि आवश्यक ठान्दैन। अर्का थरी बुद्धिजीवीहरु गैरसरकारी संस्थाहरुमा कार्यरत छन्। स्वार्थसमूह, विकास साझेदार र दातृनिकायका योजना अनुरुपका परियोजना सञ्चालन गर्ने उनीहरुको मुख्य दायित्व हुन्छ। यी राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा काम गर्ने बौद्धिक तप्का निकै सक्रिय र परिश्रमी रहेको पाइन्छ।

साढे ६ दशक लामो जनसंघर्षको फलस्वरुप आज हाम्रो देशमा संघीय लोकतान्त्रिक गणतान्त्रिक राज्यप्रणाली स्थापना भएको छ। तर, बुद्धिजीवीको मनोदशा बदलिएको छैन। न उनीहरुको जीवनदशा नै बदलिएको छ। मुलुकलाई बाटो देखाउने स्तुत्य कार्यका लागि उनीहरुमा अन्वेषी वृत्ति हुनु जरुरी छ। प्राचीन धरोहरप्रति आस्था, इतिहासप्रति गौरव र वर्तमानप्रति सम्यक दृष्टिको समन्वयबाट आशावादी भविष्य निर्माण गर्न पथप्रदर्शन गर्ने बुद्धिजीवीहरु आफै स्वार्थ, व्यक्तिवादिता, अहंकार, इर्ष्या आदि आसुरी वृत्तिको शिकार भएका छन् र मौलिक दृष्टिकोणको अभावमा चेटचंगा झैं दिग्भ्रमित छन्। केही प्रतिशत बुद्धिजीवीलाई छोडेर भन्ने हो भने नेपालका बुद्धिजीवीमा चिन्तक वृत्ति, अन्वेषी सूक्ष्म दृष्टिको प्रमाण नभएको देखिन्छ। उनीहरुमा नवीन चिन्तनको अभाव देखिन्छ। बुद्धिजीवीहरु जागिरे मानसिकताबाट माथि उठ्न सकेका छैनन्। यति मात्र होइन, उनीहरु पौर्वात्य र पाश्चात्य दर्शनको विशद् र वृहद् अध्ययन नगरी विचार र दर्शनका महारथी बन्ने धृष्टता गर्छन्। कम अनुभव भएका युवाहरु यिनै स्वार्थी बुद्धिजीवीको छिपछिपे, अहंकारी र स्वार्थी मनोभावले बशिभूत हुने र गलत प्रभावमा पर्ने बढी संभावना हुन्छ। युवाहरुले कुपमण्डुक, ढोंगी र जनता तथा देशको हितभन्दा माथि आफ्नो हितलाई राख्ने संकीर्ण र स्वार्थकेन्द्री बुद्धिजीवीहरुका प्रभावक्षेत्रबाट जोगिन आवश्यक छ, अध्ययन-अनुसन्धानको क्षेत्रमा लागेका युवाहरुले गलत संस्कारबाट आफूलाई जोगाएर अझै मेहेनत गर्न जरुरी छ।

नवनिर्माणमा बाधा तेर्साउने प्रवृत्तिका विरुद्धमा आमूल परिवर्तनका लागि जनजागृतिको नेतृत्व गर्नुपर्ने बुद्धिजीवीहरुको अवस्था दयनीय हुनुहुँदैन। नेपालमा बुद्धिजीवीहरु मानसिक दासता र बन्धनमा जकेडिनु अति दुःखद् छ। नेपालको आर्थिक र सामाजिक समस्याहरुको हल गर्न नवीन सोच विकास गर्न जरुरी छ। यसका लागि तत्सम्बन्धी स्वदेशी र विदेशी साहित्य अध्ययन, अनुसन्धान र आविष्कारका लागि समर्पित हुन बुद्धिजीवीहरु सकिरहेका छैनन्। नेपालका अर्थशास्त्र, राजनीतिशास्त्र, भूगोल, साहित्य, दर्शन, संस्कृति, भाषाका साथमा अन्तर्राष्ट्रिय क्षेत्रका तत्तत् विषय क्षेत्रको अध्ययन गरेर मुलुकलाई मार्गनिर्देशन गर्न बुद्धिजीवीहरुलाई बाधा के कुराले पुर्‍याइरहेको छ ? राजनीतिसँग घनिष्ट रुपमा गाँसिएका ज्ञानविज्ञानका क्षेत्रहरुको व्यापक ज्ञान आजका लागि अति आवश्यक छ। जनअपेक्षा र शासकीय व्यवहारवीच तालमेल ल्याउन भूमिका खेल्नु बुद्धिजीवीको परम् कर्तव्य हो, राज्यलाई सही दिशा र मार्गमा डो¥याउन उनीहरुको विशिष्ट भूमिका हुन्छ। बौद्धिकताको कम आँकलन गर्नु मुलुकको सर्वनाशको शुरुवात हो। शासकीय निर्णय र कामहरुमा बुद्धिजीवीहरुको निर्णायक भूमिका हुन्छ। दम्भी र अहंकारी शासकले मात्र बुद्धिजीवीलाई बेवास्ता गर्छ। त्यसपछि सत्ता आलोचनादेखि डराउन थाल्छ। बुद्धिजीवीको उपेक्षाको अर्थ शासक अधिनायकवादी बाटोमा लाग्न खोजेको बुझ्नुपर्छ। अहंकारी र आसुरी प्रवृत्तिले स्वेच्छाचारितालाई प्रश्रय दिन्छ र फलस्वरुप सत्ताशक्तिको पतनलाई निम्त्याउँछ। त्यस्तो पतनलाई रोक्नसक्ने शक्ति बुद्धिजीवीमा हुन्छ। राष्ट्रको विकासका लागि सम्भाव्यता, अवसर, वस्तुस्थिति आदि अवस्थाको अध्ययन र विश्लेषण गरी सम्भावना तथा अवसरहरु पहिल्याउने एवम् जोखिमहरु पूर्वानुमान गर्ने र सोको आधारमा अवधारणापत्र, नीति, कार्यक्रम, योजना, आयोजना तथा परियोजना निर्माण, मूल्यांकन आदि कार्यमा बुद्धिजीवीको ठूलो भूमिका हुन्छ। बुद्धिजीवीहरु राष्ट्रका ढुकढुकी हुन्। बुद्धिजीवीहरुले त्रास वा आशको अंकुशमा अल्झेर स्वनियमनको व्यथाबाट मुक्त हुन जरुरी छ।

tirthakharel2028@gmail.com

## मेक्सिकोमा एक लाख १३ हजार संक्रमित

**मेक्सिको, जेठ २५।** मध्य अमेरिकी मुलुक मेक्सिकोमा विगत २४ घण्टाको अवधिमा कोरोनाभाइरसको महामारीबाट तीन हजार ६०० नयाँ संक्रमित देखिएको स्वास्थ्य अधिकारीहरुले बताएका छन् ।

मेक्सिकोमा योसहित कूल संक्रमितको संख्या एक लाख १३ हजार पुगेको छ। स्वास्थ्य मन्त्रालयका अनुसार कोरोनाभाइरसको संक्रमणबाट मेक्सिकोमा मृत्यु हुनेको संख्या १३ हजार ५०० नाघेको छ ।

संक्रामक रोग निवारण केन्द्रका निर्देशक जोजे लुइज अलोमियाले अझै पनि एक हजार १८९ जनाको मृत्यु शंकास्पद रहेको र उनीहरुको स्वास्थ्य बारेमा अनुसन्धान भइरहेको जानकारी दिए।

मेक्सिकोमा एक हप्ताअघि मात्र करिब ९० हजार संक्रमित रहेका र करिब ९ हजारको ज्यान गएको थियो। तर, पछिल्लो साता नयाँ संक्रमित भेटिने दरमा केही कमी आएको छ, तर संक्रमित व्यक्तिको मृत्यु हुने दरमा भने वृद्धि भएको छ। गत आइतबार एक साताको अवधिमा २ हजार ५०० जनाको मृत्यु भएको विवरण सार्वजनिक भएकामा यस साता करिब ४ हजारको ज्यान गएको देखिएको छ।

## अफगानिस्तानको पूर्वी सीमामा बम बिस्फोट

**काबुल, जेठ २५।** पाकिस्तानसँग सीमा जोडिएको पूर्वी पाख्तिया प्रान्तमा सडकछेउमा राखिएको बारुदी सुरुङ बिस्फोट हुँदा दुई जना अफगान सीमा सुरक्षाकर्मीको मृत्यु भएको छ ।

प्रान्तको पाटन जिल्लास्थित मकबालो उपत्यकामा सुरक्षाकर्मी चढेको कारलाई लक्षित गरी उक्त बिस्फोट गराइएको सुरक्षा स्रोतले जनाएको छ ।

पाकिस्तान-अफगानिस्तानको यो सीमाक्षेत्र मुलुकमै सबैभन्दा डरलाग्दो मानिन्छ। गत मे महिनामा पनि तालिबान समूहको आक्रमणमा यहाँ १४ जना अफगान सैनिकको ज्यान गएको थियो ।

स्रोतका अनुसार बिस्फोटबाट अरु दुई जना सुरक्षाकर्मी घाइते भएका छन् । प्रहरीले भने उक्त घटनाका बारेमा बताउन अस्वीकार गरेको छ ।

## भारतमा एकैदिन दश हजार संक्रमित

**नयाँदिल्ली, जेठ २५।** भारतमा कोरोनाभाइरसबाट सङ्क्रमितको दैनिक संख्या बढ्दै गइरहेको छ ।

सरकारी अधिकारीहरुले आइतबार सार्वजनिक गरेको विवरण अनुसार एकैदिनमा झण्डै दश हजार जना सङ्क्रमित भेटिएका छन् । सङ्क्रमितहरुको यो संख्या अहिलेसम्मकै सबैभन्दा धेरै रहेको जनाइएको छ ।

त्यसैगरी गएको २४ घण्टामा कोरोना भाइरसका कारण मृत्यु भएकाहरुको संख्या पनि २८७ रहेको अधिकारीहरुले जनाएका छन्। भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले हरेक दिन सार्वजनिक गर्ने विवरणमा पछिल्लो विवरणमा नै सबैभन्दा धेरै सङ्क्रमित देखिएका हुन् ।

भारतमा अहिलेसम्म कुल सङ्क्रमितको संख्या दुई लाख ४६ हजार ६२८ पुगेको छ। कूल सङ्क्रमितमध्ये एक लाख २० हजार ४०६ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

त्यसैगरी कुल मृतकको संख्या छ हजार ९२९ पुगेको छ भने एक लाख १९ हजार २९३ जना सङ्क्रमण मुक्त भइसकेका छन् ।

भारतका सबै प्रदेशहरुमध्ये सबैभन्दा धेरै महाराष्ट्रमा सङ्क्रमित भेटिएका छन्। जहाँ ८२ हजार ९६८ जना सङ्क्रमित भएका छन्। त्यसैगरी दोस्रो धेरै सङ्क्रमित भएको तमिलनाडु प्रदेशमा कूल ३० हजार १५२ जना सङ्क्रमित भएका छन्। भारतको स्वास्थ्य मन्त्रालयले अहिलेसम्म देशभरी कुल ४६ लाख ६६ हजार ३८६ जनाको कोरोना परिक्षण गरिएको जनाएको छ। तीमध्ये एक लाख ४२ हजार ६९ जनाको पछिल्लो २४ घण्टाभित्र परीक्षण गरिएको थियो ।

## तालिबान समूहका ११ जना लडाकू मारिए

**काबुल, जेठ २५।** अफगानिस्तानको दक्षिणी हेल्मान्ड प्रान्तमा प्रहरीसँगको मुठभेडमा कम्तीमा ११ जना तालिबानका सदस्यको मृत्यु भएको स्थानीय प्रहरीले जनाएको छ। उक्त भिडन्तमा अरु छ जना तालिबानी घाइते भएका छन् ।

प्रहरीका अनुसार शुक्रबार राति हेल्मान्ड प्रान्तका नाद अलि, वाशिर र सान्गिन जिल्लाका प्रहरी जाँच चौकीमा तालिबानी समूहले आक्रमण गरेपछि प्रहरीले जवाफी कारबाही गरेको थियो ।

प्रहरीले उक्त भिडन्तमा सुरक्षा फौजतर्फ कुनै क्षति नभएको जनाएको छ। तालिबान समूहले भने उक्त घटनाका बारेमा केही बताएको छैन। यसैबीच, जाजी मैदान जिल्लाका बासिन्दाहरुले खोस्ट प्रान्तका सुरक्षा प्रमुख याकुबी जिल्लामा अज्ञात बन्दुकधारीको आक्रमणमा मारिएका बताएका छन् ।

तर खोस्टका स्थानीय अधिकारीहरुले उक्त घटनाका बारेमा बताउन अस्वीकार गरेका छन्। सुरक्षा स्रोतहरुले सुरक्षा प्रमुखका दुई जना अंगरक्षक घाइते भएको बताएका छन्। कुनै पनि समूहले उक्त आक्रमणको जिम्मेवारी लिएका छैनन् ।

# ताप्लेजुङमा ४८.५६% काम सम्पन्न

दिलकमार लिम्बू

**ताप्लेजुङ, जेठ २५।** ताप्लेजुङमा एक नगरपालिका सहित ९ स्थानीय तह छन् । आर्थिक बर्ष सकिन झनै एक महिना मात्र बाँकी छ तर भौतिक योजनाका काम भने ४८.५६ प्रतिशत सम्पन्न हुँदैछ ।

संघीय सरकारको बजेट सार्वजनिक भएसँगै सोही आधारमा प्रदेश र स्थानीय तहहरु बजेट निर्माणमा जुटेका छन् । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार प्रदेशले १ असार र स्थानीय तहले १० असारमा आगामी आर्थिक वर्ष २०७७/७८को बजेट ल्याउनुपर्छ ।

स्थानीय सरकारले कोभिड-१९को असर न्यूनीकरण र सामाजिक विकासलाई उच्च प्राथमिकता दिनु पर्ने र पूर्वाधार विकास, संस्थागत विकास तथा सुशासनका कार्यक्रमलाई भने दोस्रो प्राथमिकता दिएर बजेट निर्धारण गर्न संघीय सरकारले स्थानीय तहलाई मार्गनिर्देश गरेको छ ।



त्यस्तै प्रदेश १ सरकारले कृषि तथा पर्यटनलाई प्राथमिकता दिएर गत जेठ २३ गते आफ्नो प्रदेशको लागि ०७७/०७८ नीति तथा कार्ययोजना प्रस्तुत गरिसको छ । उता स्थानीय तहहरुले असार १० गतेसम्म नीति तथा कार्यक्रम ल्याइसक्नुपर्ने हुन्छ । त्यसैले अहिले स्थानीय तह बजेट निर्माणमा जुटेका छन् । तर यस आर्थिक वर्षको विकास निर्माण योजनाको प्रगति भने कजुवाको गतिमा छ , ताप्लेजुङ स्थानीय तहहरुको विकास निमार्ण योजानाको काम ४८.५६ प्रतिशत मात्र सम्पन्न हुँदैछ । यस्तै ताप्लेजुङ जिल्लामा एक नगरपालिकासहित ८ स्थानीय तह रहेका छन् ।

फुङलिङ नगरपालिकाले ८० प्रतिशत योजना सम्पन्न गरेको नगरपालिकाले दाबी गरेको छ । यस वर्षको विकास निमार्णतर्फको कूल बजेट १७ करोड ७३ लाख ४७ हजार तीन सय चौतीस रुपैयाँ बजेटमा अहिले ८ करोड १२ लाख ७ हजार चार सय ६९ रुपैयाँ निकास भइसकेको छ ।

यस आर्थिक वर्षमा साना ठूला गरी १८६ वटा विकास निमार्ण याजनाहरु छनौट भएकोमध्ये १४९ वटा योजना सम्पन्न भएको भने २० वटा सम्पन्न हुन बाँकी छ । १० वटा भने योजना सम्झौता बाँकी रहेको छ ।

त्यतै मिक्वाखोला गाउँपालिकाले पनि ८० प्रतिशत विकास निर्माण योजना सम्पन्न भएको दाबी गरेको छ । गाउँपालिकाले दिएको बिवरण अनुसार यस आर्थिक वर्षमा विकास निमार्णतर्फ कूल बजेट ८ करोड ६० लाख ६ हजार विनियोजन भएको थियो । यस आर्थिक वर्षमा १९० वटा विकास निर्माण योजनाहरु छनौट भएकोमध्ये १५२ वटा सम्पन्न भएको छ भने सम्पन्न हुन २० वटा योजना रहेको छ । यस पालिकामा सबै योजनाहरु सम्झौता भैसकेको प्रसाशकीय अधिकृत योगेन्द्रराज गुरुङले जानकारी दिए । लकडानको कारणले भुक्तानी गर्न समस्या भएकोले मिक्वाखोला गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत गुरुङले बताए ।

मैवाखोला गाउँपालिका भने ३३.५५ प्रतिशत कार्य सम्पन्न भएको छ । सम्पन्न हुन बाकीँ ६६.४५ प्रतिशत रहेको प्रमुख प्रशासकीय अधिकृत देवी तुम्पाबोले जानकारी दिए । यस गाउँपालिकामा विकास निमार्णतर्फ १० करोड ६६ लाख ६२ हजार बजेट विनियोजन भएकोमध्ये १ करोड २३ लाख ४६ हजार ५ सय ९३ रुपैयाँ भुक्तानी भइसकेको छ । यस अर्थिक बर्षमा १९८ वटा विकास निर्माण योजनाहरु छनौटमा परेकोमध्ये १०० वटा सम्पन्न भएको छ र ९८ वटा सम्पन्न हुन बाँकी रहेको छ । १० वटा योजना भने सम्झौता हुन बाँकी रहेको तुम्वापोले जानकारी दिए ।

पाथीभारा याङ्वरक गाउँपालिकामा ५७.२२ प्रतिशत विकास निमार्ण कार्य सम्पन्न भएको छ भने ४२.७७ प्रतिशत सम्पन्न हुन बाँकी रहेको पाथीभरा याङ्वरक गाउँपालिका कार्यालयका सूचना अधिकारी गोविन्द रिजालले जानकारी दिए । यस आर्थिक वर्ष विकास निर्माण तर्फ ११ करोड ३२ लाख ९८ हजार बजेट विनियोजन भएकोमा अहिलेसम्म ४ करोड ९ लाख २२ हजार ४ सय भुक्तानी गरिसकेको छ । यस आर्थिक वर्षमा साना ठूला गरी १६६ वटा निर्माण योजनाहरु छनौट भएको मध्ये ९५ वटा सम्पन्न भएको छ । ३० वटा निर्माण योजना सम्झौता हुन बाँकी रहेको सूचना अधिकारी रिजालले जानकारी दिए ।

मेरिङ्देन गाउँपालिकामा ४० प्रतिशत विकास निर्माण कार्य सम्पन्न भएको छ भने ६० प्रतिशत सम्पन्न हुन बाँकी रहेको मेरिङदेन गाउँपालिका कार्यालयका सूचना अधिकारी लक्ष्मी चौहानले जानकारी दिए । यस आर्थिक वर्षमा मेरिङ्देन गाउँपालिकामा जम्मा २०९ वटा योजना छनौट गरिएकोमध्ये ८५ वटा विकास योजना कार्य सम्पन्न भएको छ भने ३० वटा योजना सम्झौता हुन बाँकी रहेको छ ।

विकास निमार्णतर्फ रु. ११ करोड ४९ लाख ६ सय ५ रुपैयाँ बजेट विनियोजन गरिएको थियो । अहिले २ करोड ४९ लाख ६ सय ७० रुपैयाँ भुक्तानी भइसकेको सूचना अधिकारी चौहानले जानकारी दिए ।

सिदिङ्वा गाउँपालिकाले अहिलेसम्म १६.२१ कार्य योजना सम्पन्न भएको छ भने ८३.७९ प्रतिशत कार्ययोजना सम्पन्न हुन बाँकी रहेको सिदिङ्वा गाउँपालिकाका सूचना अधिकारी सुनिता भट्टराईले जानकारी दिइन् । १८५ वटा विकास योजना छनौट गरिएको थियो भने अहिले ३० वटा योजना सम्पन्न भएको छ । १०० वटा योजना सम्झौता हुन बाँकी रहेको भट्टराईले जानकारी दिइन् ।

यस आर्थिक वर्षमा रु. १२ करोड २९ लाख ६५ हजार ३ सय विनियोजन भएको थियो भने अहिलेसम्म ३ करोड ६७ लाख ९० हजार ८ सय ५.८६ रुपैयाँ भुक्तानी भइसकेको छ ।

फक्ताङ्लुङ गाउँपालिकाले भौतिक विकास निर्माण योजना सबै सम्झौता भइसकेको छ । कूल योजनाको ४० प्रतिशत कार्य योजना सम्पन्न भएको छ भने ६० प्रतिशत सम्पन्न हुन बाँकी रहेको फक्ताङ्लुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सन्तोष श्रेष्ठले जानकारी दिए । सिरिजङ्घा गाउँपालिकामा भौतिक विकास निमार्ण योजना सबै सम्झौता भइसकेको छ कूल योजनाको ८० प्रतिश कार्ययोजना सम्पन्न भएको छ भने २० प्रतिशत सम्पन्न हुन बाँकी रहेको सिरिजङ्घा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष घिमिरेले जानकारी दिए ।

आठराई त्रिवणी गाउँपालिका निमार्ण योजनातर्फ ४० प्रतिश काम सम्पन्न भएको छ । ६० प्रतिशत निर्माण कार्य सम्पन्न हुन बाँकी रहेको आठराई त्रिवेणी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत कमल दहालले जानकारी दिए । यस आर्थिक वर्षमा १८० वटा निर्माण योजना छनौट गरिएको थियो भने ७२ वटा निर्माण योजना सम्पन्न भएसकेको छ । विकास निमार्णतर्फ १० करोड ६५ लाख रकम विनियोजन गरिको थियो भने हल ३ करोड ५० लाख भुक्तानी भइसकेको आठराई त्रिवेणी गाउँपालिकाले जनाएको छ ।

## मृग मारेको अभियोगमा पक्राउ

**उदयपुर, जेठ २५।** जंगली जनावर मृग मारेको अभियोगमा चौदण्डीगढी नगरपालिका-५ जुटपानी बस्ने २८ वर्षीय बिरेन तामाङ र ३६ वर्षीय राज कुमार तामाङलाई प्रहरीले पक्राउ गरेको छ ।

सोही नगरपालिकास्थित सगरमाथा सामुदायिक जंगलमा गई जंगली जनवर मृग मारी उनीहरुले आफ्नो घरमा ल्याएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सुन्दरपुर र सबडिभिजन बन कार्यालय सुन्दरपुर उदयपुरबाट खटिएको संयुक्त टोलीले उनीहरुलाई मृगको मासु सहित फेला पारी पक्राउ गरेको हो । पक्राउ दुवै जनालाई सबडिभिजन बन कार्यालय सुन्दरपुरमा राखी थप अनुसन्धान भइरहेको छ ।

## विद्युतीय सवारीमा लगाइएको करप्रति कांग्रेसको आपत्ति

**झापा, जेठ २५।** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकारले आर्थिक वर्ष २०७७/०७८ को बजेटमा विद्युतीय सवारी साधनमा कर लगाएको भनी आपत्ति जनाउँदै फिर्ता गर्न माग गरेको छ ।

प्रतिनिधिसभाको आइतवारको बैठकमा पार्टीका तर्फबाट सांसद देवेन्द्रराज कँडेलले आगामी आवको बजेटमार्फत विद्युतीय सवारीमा लगाइएको औसतमा ११३ प्रतिशतसम्मको कर व्यवस्था प्रतिगमनकारी भएको टिप्पणी गरे । सांसद कँडेलले सरकारको यो कदम जनताप्रति उत्तरदायी नभएको र वातावरण विनाशक भएको आरोप लगाए । यो सत्तारुढ दलकै घोषणापत्र विपरीत हो- उनले भने । यसअघि यही सरकारले विद्युतीय सवारीमा प्रोत्साहन नीति अघि बढाउनु र अहिले विद्युतीय सवारीमा कर लगाउनु भोटको राजनीति भएको उनको भनाइ थियो ।

विद्युतीय सवारी साधनलाई प्रोत्साहन गरी पेट्रोलियम पदार्थको आयात कम गरेर व्यापार घाटा कम गर्न सकिने सांसद कँडेलको धारणा थियो । वातावरण प्रदूषण कम गर्न र मानिसको स्वास्थ्यमा सुधार गर्नका लागि विद्युतीय सवारीमा लगाइएको कर फिर्ता गर्नुपर्ने नेता कँडेलले माग गरे ।

# पेट्रोलियम पर्दाथको डिपो राख्न नदिने स्थानीयको चेतावनी

प्रकाश उप्रेती

**चारआली, जेठ २५।** सिङ्गो मानवबस्तीसहित वनजङ्गल र पर्यावरणलाई प्रत्यक्ष रूपमा प्रभाव पर्ने भन्दै नेपाल आयल निगमले चारआलीमा पेट्रोलियम पदार्थको सञ्चितगृह पाइपलाइन (डिपो) को निर्माणको प्रक्रिया रोक्ने चेतावनी दिएका छन् ।

प्रज्ज्वलनशिल पदार्थ पेट्रोल र ग्यास दुबैको संयुक्त डिपोका लागि निगमले सर्भेको काम शुरु गरेपछि स्थानीयले संघर्ष समिति बनाएर आयोजना गरेको अन्तरक्रियामा वक्ताले उक्त चेतावनी दिएका हुन् ।

विभिन्न देशमा सञ्चालित पेट्रोलियम पदार्थको डिपो पड्केर मानववस्ती र पर्यावरण समाप्त पारेको भयावह अवस्थालाई उदाहरणको रुपमा प्रस्तुत गर्दै स्थानीयलाई लागेको शंका उपशंकामाथि सम्बन्धित बिज्ञसहितको टोलीले जनचेतनामूलक कार्यक्रम गर्नसमेत सुझाव दिएका छन् ।

डिपो बस्दा हुने राम्रा र नराम्रा विषयका बारेमा भूगोलविद्, कानूनविद्, वनस्पतिविद्, वातावरणविद् बिज्ञबाट सुझाव लिन संघर्ष समितिले अर्को कार्यक्रम गर्न आग्रह गरे ।

कार्यक्रमका प्रमुख अतिथि मेचीनगर-१३का वडाध्यक्ष कृष्णराज सिग्देलले पेट्रोलियम पदार्थको डिपोको आवश्यकता भए पनि निगमले मापदण्ड र कानूनलाई मिचेकाले चारआलीमा प्रज्ज्वलनशील पर्दाथको डिपो राख्ने बिषयको बिरोध हो ।



घना मानवबस्ती, बन जंगल र उद्योगधन्दा भएको ठाउँमा डिपो राख्न नमिल्ने निगमको नियमावलीमा उल्लेख छ तर मेचीनगर-१३मा निगमले डिपो राख्न भनी खरिद गरेको २३ बिगाह १३ कट्ठा जमिन उक्त मापदण्ड अनुसार छैन । जग्गा खरिद गर्दादेखि नै भ्रष्टाचारमा मुछिएकाले नेपाल आयल निगमसँग स्थानीयले बिश्वास गर्ने आधार नै गुमाएको उनीहरुको भनाइ छ ।

स्थानीयको जग्गा व्यक्तिको नाममा लिएर निगमले खरिद गरेको थियो । व्यक्तिको नाममा खरिद गर्दा प्रतिकट्ठा २ लाख पर्ने जग्गालाई ४ लाख दिएर जग्गाधनीलाई प्रतिकट्ठा १३ हस्ताक्षर गर्न लगाएको थियो । कार्यक्रममा बोल्दै राजनीति दलका खगेन्द्र सिग्देलले निगमले जग्गा खरिदमा कमिशनको सेटिङले मुहाननै धमिलो भएकोले निगमप्रति प्रश्न उब्जेको बताए । उनले नयाँ जोखिमको शिकार मानव र पर्यावरणमा पर्ने हुँदा सो क्षेत्रमा डिपो राख्न नहुने औंल्याए ।

कार्यक्रममा ख्यामराज गौतम, मेनुका घिमिरे, खड्गबहादुर कार्की, सन्देस नेउपाने, भोजराज पराजुली, भूपेन्द्र कार्की, विश्वनाथ धिताल, हातेमालो सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष प्रेम पौडेल, अनिल कार्की, सबिन सिग्देल, मुना अधिकारि, अनुप सेलवाल, कमल बराल, अर्जुन सिग्देललगायतले स्थानीयसँग समन्वय नगरी निगमको डिपो राख्ने कार्यको बिरोध गरेका थिए । मानव समुदाय भएको ठाउमा उधोग कलकारखाना सञ्चालन हुँदा सिङ्गो मानव र पर्यावरणमा समस्या पर्ने उनीहरुको तर्क छ । स्थानीयले राखेको सवालको जवाफमा नेपाल आयल निगम चारआलिका प्रतिनिधि दिलीपकुमार चौधरीले स्थानीयले उठाएका माग सही भएकोले सोही कुरा केन्द्रमा पठाउने प्रतिबद्धता जनाए ।

उनले मानबबस्ती र पर्यावरणमा असर नपर्ने गरि स्थानीयसँग समन्वय गरेर मापदण्डनुसारको कार्य अघि बढाउने बताए । बद्री महतको अध्यक्षता र ७ बुँदे ध्यानाकर्षणसहित कार्यक्रमबारे प्रकाश परेको कार्यक्रममा भूपाल सिग्देलले स्वागत र तेजप्रसाद सिग्देलले सञ्चालन गरेका थिए । यसअघि संघर्ष समितिले वडा कार्यालय, मेचीनगर पालिकाको कार्यालय, डिभिजन बन कार्यालय भद्रपुर, जिल्ला प्रशासन कार्यालयमा विभिन्न कारणले निगमले डिपो राख्न नमिल्ने भन्दै ज्ञापनपत्र बुझाइसकेको छ ।

## नक्कली नेपाली नोटसहित पक्राउ

**बारा, जेठ २५।** पचरौता नगरपालिका-८ लंगडाचोकबाट १ हजार दरको २ थान नक्कली नेपाली नोट सहित भारत बिहार बताउने सोही नगरपालिका-४ मामा घरमा बस्दै आएका २१ वर्षीय इमरान खाँलाई प्रहरीले पक्राउ गरेको छ ।

पचरौता नगरपालिका-८ लंगडाचोकस्थित पसलमा रिचार्ज कार्ड किन्ने क्रममा खाँले जाली नोट दिएको भन्ने खबर प्राप्त हुनासाथ तत्काल खटिएको प्रहरीले जाँच गर्दा उनको साथबाट उक्त नोटहरु बरामद भएको हो ।


पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर

गोरखा डिपार्टमेन्ट स्टोर

हाम्रा विशेषताहरू :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

गोरखा डिपार्टमेन्ट स्टोर
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

पत्रिका समयमा पाउनु भएको छैन ?
मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'





सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

वर्गीकृत विज्ञापन

सुवर्ण अवसर
नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

हिजोको सूनचाँदीको भाऊ
छापावाला सुन : ७७,०००।-
तेजावी सुन : ७६,७००।-
असल चाँदी : ७२५।-

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।





सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

आवश्यकता
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

कोरियन भाषामा विशेष छुट
दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।
Divine Int'l Acadamy (Dia)
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

डाक्टर आउने बारेको सूचना
डा. पवन पराजुली NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।
दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** परिस्थिति सोचेजस्तो नहुनाले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । अवसर प्राप्त भए पनि मेसो नमिल्नाले पनि काममा ढिलासुस्ती हुन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पढाइलेखाइमा सोचेजस्तो प्रगति गर्न नसकिए पनि गुरुजनको सुझाव र सहयोग लाभदायी बन्नेछ । व्यापारमा फाइदाको स्रोत पहिल्याउन सकिनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** हल्लाको पछि लाग्दा व्यर्थैमा दुःख पाइनेछ । स्वास्थ्यका लागि खानपानमा ध्यान दिनुहोला । काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अरूको फाइदाका लागि उपयोग भइने सम्भावना छ । चुनौति देखिए पनि मेहनेत गर्दा फाइदा उठाउन सकिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** सानातिना काममै अल्झनुपर्दा लक्ष्य प्राप्त नहुन सक्छ । हिसाबकिताबमा होशियार रहनुहोला । हडबडको त्रुटिले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ । विश्वासपात्रबाट धोका पाइने समय छ, सजग रहनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** निर्णय लिएर पनि काम नगर्ने बानीले पछि परिनेछ । परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ । महत्वाकांक्षी योजना कार्यान्वयनमा बाधा पुग्न सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** अरूको फाइदाका लागि उपयोग भइएला । दाजुभाइमा असमझदारी बढ्न सक्छ । प्रतिस्पर्धीहरूबाट सावधान रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आलस्य त्यागेर मिहिनेत गर्दा फाइदा उठाउन सकिनेछ । पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अरूका विषयमा चासो लिंदा झमेला आइलाग्न सक्छ । अवसर जुटे पनि उपलब्धि प्राप्त गर्न समय लाग्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** विवादास्पद कामको जिम्मेवारी आउनाले केही समस्या आइपर्ला । सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** अवसरका लागि केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । समयमा लगनशील बन्न नसक्ता प्रतिस्पर्धीहरूले फाइदा उठाउन सक्छन् ।